**Naya Sarathi Laghubitta Bittiya Sanstha Ltd.**
**नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि.**
(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त 'घ' वर्गको राष्ट्रिय स्तरको वित्तीय संस्था)

प्रधान कार्यालय
धुलिखेल-३, काभ्रेपलाञ्चोक ।

प.सं. ७८/७९
च.नं. ११९६

मिति : २०७८/१२/१३

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
**सिंहदरवार, काठमाण्डौ ।**

**विषय : शेयर दाखिल खारेज सम्वन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७८ चैत्र १२ गते शनिवार बसेको संचालक समितिको बैठक नं. ३५ ले तेह्रौं वार्षिक साधारण सभा बोलाउने तथा साधारणसभा प्रयोजनको लागि निम्नानुसार शेयर दाखिल खारेज बन्द गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

**तपसिल**

नगद लाभांस प्रतिशत :(१.% अंकमा)(एक प्रतिशत अक्षरमा) (रु.२५,४९,५४०।- रकम)

**बोनस शेयर कर प्रयोजनको लागि मात्र ।**

बोनस शेयर प्रतिशत : (१९% अंकमा) (उन्नाईस प्रतिशत अक्षरमा) (४,८४,४१२।६० प्रस्तावित कित्ता)

हकप्रद शेयर प्रतिशत : छैन

शेयर दाखिला खारेज मिति (Book Close date) : २०७८/१२/२३ देखि मिति : २०७९/०१/१० सम्म ।

हालको चुक्ता पूँजी : रु. २५,४९,५४,०००।-

वार्षिक साधारण सभाको मिति : २०७९/०१/१० (तदनुसार अप्रिल २३, २०२२) ।

समय : दिउँसो ३:०० बजे ।
स्थान : प्रधान कार्यालय, धुलिखेल काभ्रेपलाञ्चोक
**(विश्वभर महामारीको रुपमा फैलिएको कोभिडको जोखिम कायमै रहेको अवस्था भएकोले यस वित्तीय संस्थाको तेह्रौ वार्षिक साधारणसभा भिडियो कन्फेन्स (ZOOM) मार्फत गरिने भएको)**

**बोधार्थ :**
**श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार , ललितपुर ।**
**श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाण्डौं ।**
**श्री एनएमवि क्यापिटल लि., नागपोखरी , काठमाण्डौं ।**

**भवदीय,**

**सरोज घिमिरे**
**कम्पनी सचिब**

"सारथी लघुवित्त वित्तीय संस्था लि. ले नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लि. लाई गाभेको"(साविक नाम: सारथी नेपाल लघुवित्त वित्तीय संस्था लि.)

**Head Office : Dhulikhel Municipality 03, Kavrepalanchowk Telephone No. 011-490671/72 Email: info@sarathi.com.np**

**Naya Sarathi Laghubitta Bittiya Sanstha Ltd.**
**नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि.**
(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त 'घ' वर्गको राष्ट्रियस्तरको वित्तीय संस्था)

प्रधान कार्यालय
धुलिखेल-३, काभ्रेपलाञ्चोक ।

**छलफलका लागि प्रस्तावित विषयहरु**

**क) सामान्य प्रस्ताव**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व.२०७७/७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष ०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह लगायतका वित्तीय विवरण छलफल गरी पारित गर्ने ।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६२ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व.०७८/७९ को लेखापरीक्षण कार्यको लागि कम्पनी ऐन २०६३ को दफा १६५(घ) वमोजिम लेखापरीक्षण समितिको सिफारिस वमोजिम लेखापरीक्षक नियुक्ती र निजको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

४) संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब.२०७७/७८ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको १.० प्रतिशतले (बोनस शेयरको कर प्रयोजनको लागि मात्र) हुन आउने रकम रु.२५,४९,५४०।-(अक्षरेपी पचिस लाख उनन्पचास हजार पाचसय चालिस मात्र) नगद लाभांस छुट्याएकोमा उक्त रकमबाट एकिकृत कारोवार प्रारम्भ भएको मिति २०७७ आश्विन ०५ गते पश्चात शेयर खरिद गरेका शेयरधनीहरुको हकमा मात्र कर प्रयोजनको लागि वितरण गर्ने निर्णय गर्ने ।

५) साविक सारथी लघुवित्त वित्तीय संस्था, सत्यवती लघुवित्त वित्तीय संस्था र नयाँ नेपाल लघुवित्त वित्तीय संस्था एक आपसमा गाभिई एकिकृत कारोवार हुनु अघिसम्मको वित्तीय विवरण र लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धी संचालक समितिको निर्णय अनुमोदन गर्ने।

**ख) विशेष प्रस्तावहरु**

१) संचालक समितिले प्रस्ताब गरे बमोजिम यस वित्तीय संस्थाको आ.ब.२०७७/७८ सम्मको संचित मुनाफाबाट हालको चुक्ता पूँजी २५,४९,५४,०००।-(अक्षरेपी पचिस करोड उनन्पचास लाख चौवन्न हजार मात्र) को १९% (उन्नाईस प्रतिशत) ले हुन आउने रकम रु.४,८४,४१,२६०।- (अक्षरेपी चार करोड चौरासी लाख एकचालिस हजार दुईसय साठी मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताब स्वीकृत गर्ने ।

२) सर्वसाधारणको लागि छुट्याएको साधारण शेयर सम्बन्धित निकायबाट स्वीकृति लिई थप सार्वजनिक निष्काशन (Further Public Issue) गर्ने र सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

३) थप सार्वजनिक निष्काशन (FPO) र बोनस शेयर वित्तरण पश्चात वित्तीय संस्थाको पूँजी बृद्धि हुने भएकोले पूँजी बृद्धि लगायतका विषयमा प्रबन्धपत्र/नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४) संचालक समितिको मिति २०७८ साल मंसिर १७ गते बसेको २८औं बैठकले प्रचलित कानून एव्म वित्तीय संस्थाको नियमावलीको अधिनमा रहि स्वतन्त्र संचालक पदमा एक कार्यकालको लागि श्री सृजना शर्मा (गौतम)लाई नियुक्त गरेकोमा सोको जानकारी सम्बन्धमा ।

५) वित्तीय संस्थाले अन्य वित्तीय संस्था गाभ्ने/गाभिने, प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनको लागि आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

६) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संसोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाब वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक संशोधन वा परिमार्जन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले

(कम्पनी सचिव)

"सारथी लघुवित्त वित्तीय संस्था लि. ले नयाँ नेपाल लघुवित्त वित्तीय संस्था लि. लाई गाभेको"(साविक नाम: सारथी नेपाल लघुवित्त वित्तीय संस्था लि.)

Head Office : Dhulikhel Municipality 03, Kavrepalanchowk Telephone No. 011-490671/72 Email: info@sarathi.com.np